आज मिति २०७९/०३/०४ गते शनिवार दिनको ११:०० बजे क.उ.म.न.पा.को मर्यादित सभा हलमा नगर प्रमुख श्री बिनोद प्रसाद साहज्यूको अध्यक्षतामा क.उ.म.न.पा. नगर कार्यपालिकाको तेस्रो बैठकमा देहाय अनुसारको प्रस्ताव माथि छलफल गरियो।

छलफल गरिने विषयहरु र निर्णयहरु (AGENDAS AND DECISIONS) :-

१. नगर सभा बजेट सिलिंग सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७९/८० को लागि बजेटको वडा सिलिंग रु. ६५००००० /-(अक्षरेपी पैसठी लाख मात्र) र प्रत्येक कार्यपालिका सदस्यहरुका लागि रु ३००००० /- (अक्षरेपी तिन लाख मात्र) र नगर स्तरीय रु. ४५०००००० /- (अक्षरेपी चार करोड पचास लाख मात्र) तोक्ने निर्णय गरियो । साथै आम्दानी बढेमा सोहि अनुपातमा वडागत सिलिंग बढाउने निर्णय गरियो ।

२. आन्तरिक स्रोतमा कमि रहेकोले सामानिकरणबाट सापटी लिने सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. २ माथि छलफल गर्दा आन्तरिक स्रोतमा सामानिकरणबाट रु ५००,००,००० /- (अक्षरेपी पांच करोड मात्र) सापटी लिने निर्णय गरियो ।

३. बाँकी बक्यौता सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा विभिन्न समयमा विभिन्न पोखरी तथा हाट बजार, सटर लगायतको ठेक्का सकार गरेकोमा ठेक्का वापत बुझाउनु पर्ने रकम नबुझाएकोले ठेकेदारलाई अन्तिम पटक किस्ता वापतको बाँकी रकम बुझाउन असार मसान्तसम्मको समय उपलब्ध गराउने र सो समय भित्र किस्ता रकम चुक्ता नगर्ने ठेकेदारको धरौटी र जमानी जम्मा लिलाम बिक्रि गर्ने निर्णय गरियो ।

४. सटर र गुम्तीको भाडा बढाउने सम्बन्धमा ।

निर्णय :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस उपमहानगरपालिकाको पूर्ण स्वामित्वमा रहेको कलैया-१ स्थित बजार भित्रको सटर र गुम्तीको भाडा विगत ३ वर्ष देखि नबढेकोले १०% प्रति वर्षको हिसाबले एकमुष्ट ३०% (तिस प्रतिसत) भाडा बढाउने निर्णय गरियो ।